## मुड्केचुला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२०७५ संख्याः१० मितिः२०७५/०५/०१

### भाग-२

### मुड्केचुला गाउँपालिका,डोल्पा

प्रमाणीकरण मिति : २०७५।३।१०

# मुड्केचुला गाउँपालिकाको आर्थिक संकेत वर्गीकरण व्यवस्थापन,२०७५

# स्थानिय राजपत्र
## सम्वत् २०७५ सालको नियम, निर्देशिका वा कार्यविधि नं: १०
# आर्थिक संकेत वर्गीकरण व्यवस्थापन,२०७५
## मुड्केचुला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## डोल्पा

**आ.ब. २०७५।०७६**

**चालु तर्फ ब.उ.शी.नं. ८०६६१५०५**

**बजेट संकट नं र सो को ब्याख्या**

| वित्तिय शीर्षक | वित्तिय शिर्षक नं | ब्याख्या |
|---|---|---|
| पारिश्रमिक कर्मचारी | २११११ | कर्मचारीले पाउने तलब, कर्मचारीको संचय कोष बार्षिक ग्रेड वृद्धि, आयोजना अवधिभरको लागी स्वीकृत अस्थायी पदमा नियूक्ति भई काम गरे बापतको ज्याला मेहनत तथा अन्य पारिश्रमिक खर्च, बहालवाला कर्मचारुहरुको संचिल विदा विरामी विदा सट्टा विदा र चाडपर्व खर्च बापतको खर्च लेख्ने । |
| पारिश्रमिक पदाधिकारी | २१११२ | यसमा गाउँ पालिकाको निर्वाचित तथा मनोनित पदाधिकारीहरुको तलब बापतको खर्च लेख्ने । |
| पोषाक | २११२१ | नियमनानुसार स्थायी तथा अस्थायी कर्मचारीहरुको पोषाक भत्ता प्रदान गरिने । |
| स्थानिय भत्ता | २११३१ | यसमा प्रचलित नियमअनुसार तोकिएको दुर्गम क्षेत्रमा काम गरे बापत पाउने स्थानिय भत्ता समावेश गरिन्छ । |
| मंहगी भत्ता | २१११३ | यसमा प्रचलित नियमअनुसार कर्मचारीहरुलाई प्रदान गरिने मंहगी भत्ता खर्च समावेश गरिन्छ । |
| फिल्ड भत्ता | २१११४ | यसमा प्रचलित नियमअनुसार कर्मचारालाई प्रदान गरिने फिल्ड भत्ता समावेश गरिन्छ । |
| कर्मचारीको बैठक भत्ता | २११३४ | यसमा कर्मचारीले सम्पादन गर्नु पर्ने काम सम्पादन गर्न बैठक बसेकोमा नियमानुसार भत्ता समावेश गरिन्छ । |

| | | |
|---|---|---|
| कर्मचारीको प्रोत्साहन भत्ता | २११३५ | यसमा प्रचलित ऐन नियम तथा निर्णय अनुसार कर्मचारीलाई दिईने प्रोत्साहन भत्ता तथा पुरस्कार सम्बन्धि खर्च समावेश गरिन्छ । |
| अन्य भत्ता | २११३९ | यसमा माथि उल्लेखित बाहेकका अन्य भत्ता शिशु स्याहार भत्ता अतिरिक्त भत्ता चाड पर्वमा खटाईएका कार्यलय सहयोगी लाई दिईने भत्ता साथै अन्य भैपरि आउने भत्ता पनि यसमा समावेश गरिने छ । |
| पदाधिकारीको बैठक भत्ता | २११४१ | गाउपालिकाको निर्वाचित पदाधिकारीहरुको वैठक भत्ता समावेश गरियको छ । |
| पदाधिकारीको अन्य भत्ता | २११४९ | यसमा पदाधिकारीलाई प्रदान गरिने २११४१, र २११४२ मा नपरेको भत्ता यसमा समावेश गरिने छ । |
| पानी तथा विजुली | २२१११ | यसमा कार्यलयमा उपयोग हुने धारा तथा ढलको महशुल विध्यूत महशुल र तत्सम्बन्धि जडान खर्च खानेपानीको रकम कार्यालयमा आवश्यक पर्ने टर्च लाइट तथा वल्बहरु पनी यसमा समावेश गरिने छ । |
| संचार महशुल | २२११२ | यसमा संचार सम्बर्नधि यन्त्र उपकरण बाहेक टेलिफोन ईन्टरनेट वेवसाइट होस्टिग महशुल र यस्तै अन्य सन्चार सम्बन्धि खर्च हरु पर्दछन । यसमा संचार सम्बन्धि चिठी पासैल टिकट रजिस्टरी कुरियर इमेल फ्याक्स आदि समावेश गर्न सकिने छ । |
| इनधन कार्यालय प्रयोजन | २२२११ | यसमा कार्यलय प्रयोजनका लागी प्रयोग हुने सवारी साधनको निमित्त चाहिने ईन्धन लुब्रिकेन्टस आदीको खर्च समावेश गरिन्छ । तर लगटईस्टमेटमा परेको निर्माण सामाग्री ओसार्ने सवारी साधनमा प्रयोग भएको ईन्धन खर्च सम्बन्धित बजेट रकममा नै समावेश गरिनेछ । |
| मेशनरी् तथा औजार संचालन तथा संभार खर्च | २२२२१ | यसमा कार्यालयमा रहेका मेशेनरि औजारको संचालनका लागी लाग्ने नियमित तथा मर्मत खर्च यसमा समावेश गरिन्छ । |
| मशलन्द तथा कार्यलय सामाग्री | २२३११ | यसमा कार्यालयको दैनिक प्रयोगमा ल्याईने कागज खाम फारम रेर्कड फाईल,स्टेफर साथै एक बर्ष भन्दा कम टिकाउ सबै कार्यलयमा प्रैयोग हुने समाग्री तथा सरकारी प्रयोगमा सामानको ढुवानी खर्च |

| | | |
|---|---|---|
| पुस्तक तथा सामाग्री खर्च | २२३१३ | यसमा सार्वजनिक विध्यालयले नि:शुल्क रुपमा विध्यार्थिहरुलाई वितरण गर्ने पुस्तक खेदकुद एंव शैक्षिक सामाग्री तथा सार्वजनिक पुस्तकालय प्रयोजनका लागी साथै कार्यालय प्रयोजनका लागी आवश्यक पर्ने पुस्तक खरिद यस शिर्षका समावेश गरिनेछ। |
| इनधन अन्य प्रयोजन | २२३१४ | सरकारी कामकाजमा प्रयोग हुने मट्टीटेल ग्यास कोईला दाउरा सवारी साधन बाहेकका मेशनरी औजारमा प्रयोग हुने इनधन खर्च साथै व्याट्टरीहरु सम्बन्धि खर्च यसमा पर्दछ। |
| अन्य कार्यलय संचालन खर्च | २२३१९ | माथि उल्लेखित बाहेकका कार्यालय संचालन सम्बन्धि खर्च यसमा पर्दछ। |
| करार सेवा शुलक | २२४१३ | कार्यालयको लागी आवश्यक परेको करार सम्झौता गरी लिईएका करार कर्मचारीहरुको पारिश्रमिक यसमा समावेश गरिने छ। |
| अन्य सेवा शुल्क | २२४१९ | माथि उल्लेखित बाहेकका अन्य सेवा शुल्क भुक्तानी सम्बन्धि खर्च यसमा पर्दछ। |
| कर्मचारी तालिम खर्च | २२५११ | यसमा कर्मचारीको वित्ति विकाश तथा क्षमता वेद्धिका लागी दिईने तालिम गोष्ठी कार्यशाला संचालन बापतको खर्च तथा तालिममा सहभागी हुदाको दैनिक भ्रमण भत्ताको खर्च प्रशिक्षक स्रोत व्यक्तिको भत्ता समेत यसमा समावेश गरिने छ। |
| कार्यक्रम खर्च | २२५२२ | यसमा धार्मिक सांस्कृतिक संस्थाहरुको पुजा पाठ यज्ञ तथा अन्य कार्यालय सम्बन्धि कार्यक्रम गोष्ठी सम्बन्धि कार्यक्रमहरुको खर्च यसमा समावेश गरिने छ। |
| अनुगमण मुल्यांकन खर्च | २२६११ | यसमा अनुगमण तथा मूल्यांकन खर्च कार्य, यस सम्बन्धि निरिक्षणको लागी हुने खर्च अनुगमण गर्ने पदाधिकारी तथा कर्मचारीको दैनिक भ्रमण भत्ता यसमा समावेश गरिने छ। |

| | | |
|---|---|---|
| भ्रमण खर्च | २२६१२ | एक कार्यालय बाट अर्को कार्यालयमा सरुवा भएको वा दरुबन्दि यथास्थानमा राखि काज सरुवा भएको कर्मचारी र निजले नियमानुसार लैजान पाउने पारिवारीक भ्रम्रण खर्च निधारित दरमा सवारी खर्च पैदल हिडे बापट पाउने भ्रमण खर्च यातायात खर्च फुटकर खर्चहरु यस शिर्षकमा समावेश गरिने छ। सरुवा भई जाने कर्मचारी र निजको पारिवारले नियमानुसार पाउने भम्रण खर्च यसमा समावेश गरिने छ। |
| विविध खर्च | २२७११ | यसमा स्वीकृत भएका मनोरञ्जन प्रदर्शन चियापान र भोजन सम्बन्धि खर्च,कार्यालय सुरक्षा सम्बन्धि आवश्यक खर्च प्रतिनिधि मण्डल स्वागतखर्च अतिथि स्वागत खर्च अन्य शिर्षकमा नपरेको जुनसुकै खर्च पनि यस शिर्षकमा समावेश गरियको छ। |
| सभा संचालन खर्च | २२७२१ | गाउपालिकाको गाँउ सभा सम्बन्धि खर्च यस शिर्षकमा समावेश गरिने छ। |
| घर भाँडा | २८१४२ | गाँउपालिकाले कार्यालय प्रयोजन वा आवाशको लागी लिइएको घर भाँडा यो शिर्षकमा समावेश गरिने छ। |

आज्ञाले

धर्मराज न्यौपान
प्रमुख प्रशासकीय अधिकृत

**मुद्रक : भुसाल अफसेट प्रेस प्रा.लि. नेपालगंज, सम्पर्क ९८५१२१८१४८**